# नार्पा भूमि गाउँपालिका

## विनियोजन ऐन, २०८१

(आर्थिक वर्ष २०८१/८२)

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
च्याँखु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

नार्पा भूमि गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
च्याँखु, मनाङ
गण्डकी प्रदेश
नेपाल
२०७३

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

नार्पा भूमि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
थ्यांसु, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

सभा समक्ष पेश मिति: २०८१/०३/१०

सभाबाट स्वीकृत मिति: २०८१/०३/१७

प्रमाणिकरण मिति:२०८१/०३/२०

**प्रस्तावना:** नार्पा भूमि गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नार्पा भूमि गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नार्पा भूमि गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।
   (२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:**(१) आर्थिक वर्ष २०८१।०८२ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २०,२३४४०००.०० (अक्षेरुपी रु.बीस करोड तेइस लाख चौवालिस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त नार्पा भूमि गाउँपालिको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न



कोन्छो छेवाङ लामा
अध्यक्ष

सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

(४) नेपालको संविधानको धारा २२९ (२( बमोजिम संचित कोषवाट विनियोजन हुने रकमको विवरण अनुसूची १ मा राखिएको छ ।

(५) क्षेत्रगत विनियोजित बजेट रकमको विवरण अनुसूची २ मा राखिएको छ ।

(६) विविध कोषहरुमा विनियोजित रकमको विवरण अनुसूची ३ मा राखिएको छ ।

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

नार्पा भूमि गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ग्याँरु मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

## अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रु हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ९७०१८ | १०५३२६ | ०.०० | २०२३४४ |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषगत शाखा | | | | |
| ४ | | ऋणको साँवा ब्याज भुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण | | | | |

## अनुसूची २

क्षेत्रगत विनियोजित बजेट रकमको विवरण

| कक्र.स. | क्षेत्र/उप क्षेत्र | विनियोजन |
|---|---|---|
| 1. | आर्थिक विकास | ४३,४२,०००.०० |
| 2. | कृषि | २२,००,०००.०० |
| 3. | पशुपन्छी विकास | २०,४२,०००.०० |
| 4. | आपूर्ति | १,००,०००.०० |
| 5. | सामाजिक विकास | २,७३,९४,०००.०० |
| 6. | शिक्षा | ८३,३४,०००.०० |
| 7. | स्वास्थ्य | १,५९,३२,०००.०० |
| 8. | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २१,०८,०००.०० |
| 9. | सामाजिक सुरक्षा तथा संरक्षण | १०,२०,०००.०० |
| 10 | पूर्वाधार विकास | ८,३७,५६,०००.०० |
| 11 | यातयात पूर्वाधार | १,४६,००,०००.०० |
| 12 | भवन, आवास तथा सहरी विकास | ७५,००,०००.०० |
| 13 | उर्जा | ४९,००,०००.०० |
| 14 | संचार तथा सूचना प्रविधि | १०,२५,०००.०० |



कोकजो तेन्जीङ लामा
अध्यक्ष

| कक्र.स. | क्षेत्र/उप क्षेत्र | विनियोजन |
|---|---|---|
| 15 | सम्पदा पूर्वाधार | १,९०,५०,०००.०० |
| 16 | पुनर्निर्माण | ३,६६,८१,०००.०० |
| 17 | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १७,५५,०००.०० |
| 18 | श्रम तथा रोजगारी | १७,५५,०००.०० |
| 19 | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,५०,९७,०००.०० |
| 20 | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,५०,९७,०००.०० |
| कुल जम्मा | | २०,२३,४४,०००.०० |

**अनुसूची-३**

स्थानीय तहमा विविध कोष खाताहरुमा विनियोजित रकम विवरण

| सि.नं. | कोषको विवरण | विनियोजन |
|---|---|---|
| 1. | आर्थिक सहायता कल्याणकारी कोष | रु ५०००००।०० |
| 2. | भैपरी आउने | रु १००००००।०० |
| 3. | प्रदेश समपुरक कोष | रु ७६७०००।०० |
| | **कोषको जम्मा** | रु २२६७०००।०० |

कोन्जो तेन्जीङ लामा
अध्यक्ष

सुशील लम्साल
प्रमुख प्रशासकीय अधिकृत